फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं. 2030

मितिः २०८२।०३।३२

विषयः आ.व. २०८१।०८२ को सम्पत्ती विवरण बुझाउने सम्बन्धमा।

श्री निर्वाचित जनप्रतिनिधिज्यूहरु सबै,
श्री कार्यरत कर्मचारीहरु सबै,
इच्छाकामना गाउँपालिका, चितवन।

उपर्युक्त विषयका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा सार्वजनिक पद धारण गरेका व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तीको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण तोकिएको निकायमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।तसर्थ इच्छाकामना गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिज्यूहरु र कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी एवं करार सबै) ले सम्पत्ती विवरण फाराम भरी तपसिल बमोजिमको विवरण खाम बाहिर उल्लेख गरी बन्द खाम **(खाममा गमको प्रयोग गर्ने तर स्टिच पिनको प्रयोग नगर्ने)** २०८२ साल भाद्र १५ गते भित्र जतिसक्दो छिटो गाउँकार्यपालिकाको कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ। आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र सम्पत्ती विवरण पेश नगरेमा रु. ५,०००।-(अक्षरेपि पाँच हजार मात्र) जरिवाना हुने व्यवस्था समेत ऐनमा रहेको बेहोरा जानकारी गराइन्छ।

तपसिलः

खामको बाहिरपट्टी लेख्नुपर्ने विवरणः(निर्वाचित जनप्रतिनिधिको हकमा)

| आ.व. २०८१।०८२ को सम्पत्ती विवरण | |
|---|---|
| (क) निर्वाचित प्रतिनिधिको नाम, थरः .................... | (घ) मोबाइल नम्बरः .................... |
| (ख) पदः .................... | (ङ) इमेल ठेगानाः .................... |
| (ग) कार्यरत कार्यालयः .................... | (च) अन्यः .................... |
| बुझाउने स्थानः श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर। | |

खामको बाहिरपट्टी लेख्नुपर्ने विवरणः(कर्मचारीहरुको हकमा)

| आ.व. २०८१।०८२ को सम्पत्ती विवरण | |
|---|---|
| (क) कर्मचारीको संकेत नम्बरः .................... | (घ) श्रेणी/तहः .................... |
| (ख) कर्मचारीको नाम, थरः .................... | (ङ) मोबाइल नम्बरः .................... |
| (ग) पदः .................... | (च) इमेल ठेगानाः .................... |
| (घ) कार्यरत कार्यालयः .................... | (छ) अन्यः .................... |
| बुझाउने स्थानः श्री मुंख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर। | |

..............................
(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत